# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

राष्ट्रिय साप्ताहिक

www.missionenews.com

सदाचारीलाई स्वागत
भ्रष्टाचारीलाई बहिस्कार ।
भ्रष्टाचार विरुद्ध शुन्य
सहनशिलताको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

वर्ष-४ | अंक-१९ | २०७६ पौष ०२ गते बुधबार | 18 December 2019 Wednesday | मूल्य रू. १०/-


## पलाँताको आगन-आगनमा पानीका धारा

मिसन न्यूज
कालिकोट

जिल्लाको पलाता गाउँपालिकाले पाँच सय घरदुरीमा मिटरसहितको खानेपानी धारा जडान गरेको छ । हरेक घरमा शुद्ध पानी पुर्‍याउने लक्ष्य राखेको पलाँता गाँउपालिकाले दुई आर्थिक वर्षमा पाँच सय घरधुरीमा मिटरसहितका खानेपानी धारा जडान गरेको हो । विगतदेखि खानेपानीको समस्या भोग्दै आएको पलाता गाउँपालिकामा रहेका २ हजार ९ सय घरधुरीमध्ये ५ सय घरधुरीमा मिटरसहितको धारा जडान गरिएको गाउँपालिका अध्यक्ष लक्ष्मण बमले बताए ।

पलाता गाउँपालिकाको २ को वान्जाडा, वडा नं १ को खाडा, वडा नं ७ को पारौटि, वडा नं ८ को बेर्सनकोट, सुनवाडा लगातका ठाउँमा स्थानीय नागरिकले घर आँगनमा रहेको मिटरसहितको धाराबाट पानी खान पाएपछि हर्षित भएका छन् । हामीलाई खानेपानीको समस्या थियो, घरको आँगनमा मिटरसहितको शुद्ध खानेपानीको धारा जडान भएपछि अहिले हर्षित  छौं पलाँता गाउँपालिका १ का स्थानीय बालऋषि न्यौपानेले भने । उनले भने, 'पहिले खोला खाल्साबाट पानी ल्याउनुपर्थ्यो । धमिलो पानी छानेर खानुपर्ने बाध्यता थियो । पटक पटक झाडापखालाको शिकार पनि भएका थियो । अहिले त्यो समस्या छैन् ।' पालाता गाउँपालिकाले हरेक घरधुरीमा मिटरसहितको खानेपानी धारा जडान गर्ने लक्ष्य



पलाँताको थिर्पुमा धाराको पानी भर्दै स्थानीय महिला । तस्विर : मिसन न्यूज

राखेको छ । गाउँपालिका अध्यक्ष बमले भने, 'पानीको प्रमुख समस्या हुने बान्जाडाका नागरिकले घरआँगनमै खानेपानीका धारा पाएपछि अहिले खाली गाग्रा समाजिक संजालमा आउन बन्द भएको छ । पलाता गाउँपालिका २ बान्जाडाका नयाराम न्यौपानेले भने, 'हाम्रो गाउँमा खानेपानीको समस्याले १० वर्षदेखि सताइरहेको थियो ।बल्ल छुटकरा पाइयो ।' चालु आर्थिक वर्षमा नै गाउँपालिकाले धौलागोह गाउँमा ल्याएको पानीबाट एक लाइन फटाएर गाउँमा मिटरसहितका धारा जडान गरेपछि निकै सहज भएको छ । बान्जडाका लागि तय गरिएको बुङ्ने खानेपानी आयोजना निर्माण भइरहेको छ । पलाँता गाउँपालिका अध्यक्ष बमका अनुसार चालु आर्थिक वर्षमा प्रदेश सरकारबाट १० करोड बजेट खानेपानीका योजना निर्माण गर्दैछ । करिब ४ करोड ३१ लाखको जनश्रमदान सहितको लगानीमा ५ सय मिटरसहितको धारा जडान गरिएको छ । गाउँपालिकामा २ हजार ९ सय घरधुरी छन् । सबैको घरमा यसै आर्थिक वर्षमा खानेपानी पुर्‍याउने लक्ष्य छ । यो आर्थिक वर्षभित्र सबै वडामा मिटरसहितको धारा जडान गरिने छ ।

## पूर्वाधारको काममा खटिंदै कर्णाली सरकार

मिसन न्यूज
सुर्खेत

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही भौतिक पूर्वाधारको काममा आफैं खटिएका छन् । आफ्नो गृहजिल्ला कालीकोटको सदरमुकाम मान्ममा निर्माणाधीन चक्रपथमा आज उनले श्रमदान गरेका हुन् । श्रम संस्कृति बसाल्न श्रम दिवसको समेत शुरुआत गर्दै मुख्यमन्त्री शाहीले श्रमको सम्मान गर्न श्रम दिवस मनाउने कार्यको थालनी गरिएको जानकारी दिए । उनले भने, 'कामका आधारमा ठूला र साना हुँदैनन् । सामन्तवादी संस्कृति अन्त्य गर्नुपर्छ ।'

प्रदेश समन्वय परिषद्बाट यहाँका ७९ वटै स्थानीय सरकारहरुलाई श्रम नीतिअनुसार कार्ययोजना बनाई काम गर्न निर्देशन दिइएको उनले जानकारी दिए । मुख्यमन्त्री शाहीले काम देखाउन मात्र नभई श्रम संस्कृतिको विकास गर्न सरकारले शुरु गरेको श्रम दिवस अभियान सफल बनाउनका लागि नागरिक तहदेखि प्रदेशका सबै



पक्षलाई सहयोग गर्न आग्रह गरे । सो अवसरमा सामाजिक विकासमन्त्री दल रावल, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसी, कालीकोट खाँडाचक्र नगरपालिकाका प्रमुख जैसीप्रसाद पाण्डे, कर्णाली प्रदेशका प्रमुख सचिव केवलप्रसाद भण्डारी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव लक्ष्मी बस्नेत, सामाजिक विकास मन्त्रालयका सचिव डा.मानबहादुर विकलगायत नेपाली सेना, नेपाल प्रहरी र नागरिकहरुले श्रमदान गरेका थिए ।

## २१ बस्ती छाउगोठ मुक्त घोषणा

**जुम्ला** - कर्णाली लगायतका जुम्लामा अहिले पनि छाउपढी सामाजिक समस्याका रुपमा रहेको छ । महिनावारी भएको समयमा घरभित्र बसेमा देउता रिसाउछन् भन्ने अन्धविस्वासका कारण अहिले पनि छाउपढी विद्यामान छ । समाजमा



जरो गाँडेर रहेको छाउपढी प्रथा न्युनिकरण गर्नको लागि सरकारी तथा गैसरकारी तवरबा प्रयास भइरहेका छन् । सोही अभियानको क्रममा जिल्लामा रहेका आठ वटा स्थानीय तहमा रहेका २१ वटा बस्ती छाउगोठ मुक्त घोषणा गरिएको छ । जिल्लामा २०७३ बाट थालिएका छाउगोठ मुक्त अभियान अभियान अर्न्तगत २१ वटा बस्तीलाई छाउगोठमुक्त घोषणा गरिएको हो । उक्त गरियोजना पहिलो चरणमा दुई स्थानीय तहमा सञ्चालन गरिएको थियो । तिला र पातारासी गाउँपालिकाका अध्यधिक छाउ मान्ने बस्ती छाउगोठ मुक्त भएका हुन् । अहिलेसम्म तिला गाउँपालिकाको वडा नम्बर तीनस्थित दानीबाडा,सार्किबाडा, हितानबाड ार कठायतबाडा छाउगोठ मुक्त भएका छन् । यस्तै पातारासी गाउँपालिकाका लुम र भोडेगाँउ स्थनीय तहको सहयोग र सर्वोदय नेपाल जुम्लाको सहजीकरणमा घोषणा गरिएको हो । यस्तै अहिले तातोपानी गाउँपालिका वडा नम्बर ६ को रावतबाडा, वडा नम्बर ५ को लाम्रा बस्ती र वडा नम्बर चारको जैतपुर र गौतमबाडा छाउगोठमुक्त भईसकेका छन् । यस्तै जिल्ला सिंजा क्षेत्रमा पर्ने तीन वटा गाउँपालिका आधा दर्जन बढी बस्तीलाई छाउगोठ मुक्त गरिएको छ । यसबाट २१ बस्ती,१ हजार ७ सय ४० घरधुरी लाभान्वित भएको सामाजिक अभियान्ता कमल खत्रीले जानकारी दिए । उनका अनुसार ८ हजार ७ सय ८९ व्यक्तिहरुले छाउगोठ उन्मुलन सम्बन्धि घोषणा गरेका छन् । जुम्लामा लामो समयदेखि विभिन्न सामाजिक सस्थाहरुले उक्त अभियान सञ्चालन गर्दै आएका छन् । तर घोषणा पछि भने कार्यान्वयनको लागि ध्यान नदिने गरेको गुनासो समेत आउने गरेको छ । तातोपानी

**बाँकी ८ पेजमा.....**

# सम्पादकीय...

## पानीको समस्या नबनोस्

मुलुकमा स्थानीय तहको निर्वाचनपछि मुलुकको आर्थिक विकास र समृद्धिका कुराहरु उठाउने गरिएको छ। सदियौंदेखि गरिबी, पछौटेपना, शिक्षा, स्वास्थ्यको अभावमा छटपटिएका नेपाली जनतालाई विकास र समृद्धिको नाराले छुने गरेको छ। विकास र समृद्धि भन्ने कुरा कुनै जादुको छडी होइन जुन सोच्ने बित्तिकै पुरा हुनको लागि। स्थानीय स्रोत, साधन र जनशक्तिको अधिकतम उपयोग गर्दै मुलुक र जनतालाई सम्पन्न बनाउनु नै समृद्धि हो।

जनतालाई सम्पन्न तुल्याउनको लागि पहिला उनीहरुमा जनचेतना जगाउनु आवश्यक छ। अन्धविश्वास र पुरातनबादी सौंचको पर्दा हटाउन सकियो भने हामीले सोचेको र आशा गरेको समृद्धि हासिल गर्न धेरै समय भने कुर्नुपर्दैन। पहाडी क्षेत्रमा बस्ने मानिसहरुले राम्रोसँग छाक टार्न नपाएर, सयमा औषधिमुलो गर्न नपाएर ज्यान जाने अवस्था धेरै रहेको छ। स्वच्छ पिउने पानीको अभावका कारण बिरामी भएर अस्पताल आउने मानिसको संख्यामा कमी आएको छैन। अब झन् वर्षा सुरु भएपछि पानीका कारण बिरामी हुने संख्या बढ्दो हुन्छ। ज्वरो, आउँ, हैजा, झाडापखालाका कारण थुप्रै मानिसहरु प्रभावित हुने गरेका छन्। जसको मुख्य कारण स्वच्छ पिउने पानीको अभाव हो। जनतालाई स्वच्छ पानी पुऱ्याउन धौ धौ भएको अवस्थामा आर्थिक समृद्धि हासिल गर्नु मुख्य चुनौतिको रुपमा देखा परेको छ।

विकट र पिछडिएका जिल्लाको हालत यस्तै छ ? प्रायः धेरै जसो सरुवा रोगको खानी भनेको नै प्रदुषित पानी हो। नेपालमा ९० प्रतिशत भन्दा बढी मानिस अस्वस्थकर पानीका कारण बिरामी पर्ने गरेका छन्।

स्वास्थ्य, शिक्षा, सुरक्षा जस्ता महत्वपूर्ण आधारभूत सेवाहरु नागरिक समक्ष पुऱ्याउनु सरकारको दायित्व हो। सरकारले यस विषयमा गम्भीर एवम् जिम्मेवार पूर्वक लाग्नुपर्छ। जननिर्वाचत प्रतिनिधि नै हरेक स्थानीय तहमा भएको बेलामा पानीको स्रोत संरक्षण र स्वच्छ पानी नागरिकलाई वितरण गर्नको लागि कटिबद्ध भएर लाग्नुपर्छ।अव पानी जोहोमा विशेष ध्यान दिनु पर्छ। खोलाहरु बगिरहेका पानीको सञ्चीतिकरण र यसको उपभोगको प्रविधिको विकास गर्दै समस्याको समाधान गर्दै लैजानु पर्ने देखिन्छ। यसतर्फ राज्यले विशेष भुमिका निर्भाह गर्नै पर्छ।

# दश वर्षपछि मंसिरमै हिमपात

**मिसन न्यूज**
**कालिकोट**

कालिकोटमा झण्डै दश वर्षपछि मंसिर महिनामा भारी हिमपात भएको छ। झण्डै एक दशकदेखि मंसिर महिनामै हिमपात भएको थिएन। खडेरीका कारण जिल्लाको कृषि उत्पादनमा बर्षेनि ह्रास



हुँदै आएको थियो। भारी वर्षासँगै हिमपातले जाडो बढेपछि जनजीवन कष्टकर बनेको छ। तर आइतबारदेखि पूर्णरुपमा मौसम सफा भएपछि स्थानीय युवायुवती हिउँसँग रमाइरहेका छन्। बर्षे नि मंसिर महिनामा अग्ला अग्ला हिमालमा मात्र देखिने हिउँ यो वर्ष गाउँनै सेताम्मे भयो। अझै पनि लेकाली क्षेत्रमा हिउँले छाडेको छैन्। हिउँ नपरेको तल्लो भेगका स्थानीय हिउँ खेल्नकै लागि लेकाली भेकमा जान थालेका छन्। जिल्ला सदरमुकाम मान्म बजार तथा आसपासका क्षेत्रबाट माथिल्लो लेकाली क्षेत्रमा दैनिकरुपमा हिउँ खेल्न जानेको लर्को नै लाग्ने गरेको छ। मंसिरमा हिमपात भएपछि किसानलाई ठेलो राहत भएको छ। गत असोज महिनादेखि जिल्लामा पानी नपर्दा किसानका पाखाबारी बाँझै थिए। अब पानी रोकिएपछि पाखो बारीमा गहुँ छर्ने तयारीमा किसान छन्।

बर्षेनि पर्दै आएको खडेरीका कारण निरास बनेका किसान यस वर्ष समयमै वर्षासँगै हिउँ परेपछि निकै खुसी छन्। समयमै परेको वर्षाका कारण हिउँदे बाली सप्रिने किसानको अनुमान छ।


### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदपयोग गरौं।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# विचारको बहस भन्दा अर्थब्यवस्थाको बहस जरुरी



नगिन्द्र शाही (नेशनल)

मानव समुदायको विकास र प्रगतिका लागी आवश्यक साधनहरुको उत्पादन र उत्पादनपछि उत्पादित वस्तुहरुको विनिमय नै प्रत्येक सामाजिक ब्यवस्थाको आधार हो । अहिलेसम्म इतिहासका जति सामाजिक ब्यवस्थाहरु आएका छन्, तिनिहरुमा जुन प्रकारले सम्पतिको वितरण भएको छ । त्यसैको आधारमा समाजका वर्गहरुको श्रेणीहरुमा विभाजन भएको छ। त्यसैले लेलिनले भन्नुभएको छ, समाजको परिवर्तनका निम्ति समस्या भनेको उत्पादन र विनिमय प्रणलीमा हुने परिवर्तनमा निहित छ। ति समस्या समाधानको खोजि दर्शनमा मात्र होइन, बरु अर्थब्यवस्थामा गरीनु पर्दछ ।

मानव समाजको विकास र उन्नतिका निम्ति संसारमा सयौं वाद र दशर्नहरुको सिर्जना भएका छन् । ति सबै दर्शनहरुको अन्तिम ध्येय मानव समाजकै कल्याणका खातिर रचना गरिएका छन्। कोही मानव समाजको दैनिकीमा अस्तित्वमा छनभने कोही किताबमा सिमित छन् । अरस्तु, प्लेटो, सुक्रातका दर्शन देखि वेद, पुराण, मनु स्मृति, कौटिल्याको अर्थशास्त्र, हुदै आड्म् स्मिथ, डेविड रिकार्डो र जर्ज बक जस्ता चिन्तकहरु लगायतका अन्य थुप्रै दार्श्निकहरुले तत्कालिन मानव समाजलाई यो वा त्यो ढंगले प्रभावित पारेकै इतिहास सांक्षि छ । झन्डै सात सय बर्ष यता देखि संसारका सत प्रतिशत देशहरुमा एक छत्र बहसको विषय बन्दै अहिले सम्म अस्तित्व कायम गर्न सफल पुंजिवादी दर्शन र सन् १९४८ मा कार्ल मार्क्स र एंगेल्सले धोषणा गरेको कम्युनिस्ट घोषणा पत्र अथवा मार्क्सवादी दर्शन नै अहिलेको विश्व समुदायको राजनीतिक दशर्नका प्रमुख आधार बनेका छन् । सन् १९८९ र ९० मा सोभियत संघ विघठनपछि पुंजिवाद आक्रमक र मार्क्सवाद रक्षात्मक अवस्थामा रहेको विद्यमान विश्व परिबेश भएपनि के कुरा सत्य हो भने पुंजिवादको आयु लामो हुन सक्छ तर पुंजीवादको विकल्प माक्सवाद नै हो । पुंजीवादी विचारले सम्पतिको दवदवामा संसारको राजनीतिमा लामो समय देखि बर्चस्व कायम गरेको भएपनि माक्सवादी विचारले झै भौतिक जगतको वैज्ञानिक संश्लेषण र विष्लेषण गर्न सकेको छैन । मार्क्सले मानव समाजलाई तीन आङगिक तत्व दर्शनसास्त्र,अर्थसास्त्र र मानवसास्त्र सहित तिन सिद्धान्त द्धन्द्धात्मक ऐतिहासिक भौतिकवाद, अतिरिक्त मुल्यको सिद्धान्त र वर्गिय अधिनायकत्वको सिद्धान्तको समष्टि माक्सवादको सिर्जना गरे । मार्क्सवादको आगमन पश्चात संसारलाई हेर्ने र बुझ्ने नजरियामा ब्यापक फेरवदल भयो। मार्क्सवादी विचारधारको सफल परिक्षण तत्कालिन सोभियत संघमा लेलिनको नेतृत्वमा सन् १९१७ मा अक्टोवर क्रान्ति सम्पन्न भयो। जुन सफलताले पुर्वि यूरोपका सत प्रतिशत देशहरु हुदै कम्युनिस्ट विचारधारा क्रमश अरब,अफ्रिका,एसिया,पूर्वि एसिया र दक्षिण एसियाका देशहरु प्रभावित मात्र भएनन् केही देशहरुले कम्युनिस्ट शासन सत्ताको अनुभव समेत गरेका थिए । पहिलो विश्व युद्धपछि सफल अक्टोवर क्रान्ति र दोस्रो विश्व युद्धपछि सफल चिनियाँ क्रान्तिले लेलिनवाद र माओवाद युगको प्रारम्भ भयो । मार्क्सवाद कै जगमा सोभियत संघमा लेलिनवाद र चीनमा माओवादको मौलिख विकास भएका थिए। त्यसै गरी चिनिया क्रान्तिकै पृष्टभुमिमा सन् १९४८ मा उतरी कोरियाली कम्युनिस्ट नेताहरु मिलेर कोरियाली श्रमिक पार्टी र यही समयमा भियतनाममा होची मिन्हको नेतृत्वमा कम्युनिस्ट पार्टी गठन भयो। सन् १९१७ देखि १९५० सम्म कम्युनिस्ट शासन ब्यवस्था विश्व समुदायकानिम्ति आकषर्णको केन्द्र भागमै रहयो ।

यसविचमा विश्वका झन्डै ४६ वटा देशहरुमा मार्क्सवादको प्रयोग भयो । पुंजीवाद र साम्रराज्यवादलाई परास्त गर्न सफल भएको विश्व कम्युनिस्ट आन्दोलन सन् १९५० देखियता आएर कम्युनिस्ट आन्दोलनमा र तत्कालिन सोभियत सत्तामा स्टालिनको मृत्यु पश्चात विचार र सत्ता दुवैको उत्तराधिकारी ठानिएका निकिता खुश्चेव नै थिए। उनि सत्ताको उतराधिकारी त भए तर उनले विचारको नेतृत्व गर्ने सर्न्दभमा आश्चार्यचकित परिवर्त गरे त्यसपछि सोभियत कम्युनिस्ट पार्टी र सत्ता संचालनमा आन्तरिक अन्तरविरोधहरु चर्कोरुपमा सिजर्ना भए जसले सोभियत सत्ता मात्र होइन विश्व कम्युनिस्ट आन्दोलनमापनि त्यसको प्रभाव पर्यो । विश्व कम्युनिस्ट आन्दोलन अहिले रक्षात्मक अवस्थामा हुनुका पछाडी दुइवटा कारण छन। पहिलो कारण, र्काल काउत्स्की, रोजा लर्क्जवर र युरो र जर्मन कम्युनिज्म सहितका अन्य लोकतान्त्रिक धारका विचारहरुलाइ तत्कालिन कम्युनिस्ट आन्दोलनले फ्युजन गर्न नसक्नु र तिनिहरुको राम्रा पक्षहरुलाई मार्क्सवाद प्रयोग कै निम्ति साहयक सिद्ध हुन सक्छन भन्ने कुराको हेक्का नराख्नु। दोस्रो कारण, मार्क्सवादले समाजवाद हुदै साम्यवाद सम्मको यात्रा पुरा नर्गदासम्म विधिको अनिवार्यता प्रष्टिकरण गरेको छ। तर माक्सवादीहरुले विधि र प्रक्रियालाई विरलै पद्धतिको विषय वनाउने गरेका छन्। दृष्टान्तका रुपमा चिनिया कम्युनिस्ट पार्टीका नेता देङगलाई दक्षिण पंथिको आरोपमा बन्दि बनाइएका थिए। पछि उनलाई मुक्त नगरेको भए वा उनले पार्टी भित्रको आन्तरीक लोकतन्त्रको सुधार नगरेको भए वा चीनको अर्थनीति बजार अर्थनीतितिर नर्फकाएको भए र देङगले नेतृत्व निमार्णमा विधि स्थापित नगरेको भए चिनिया कम्युनिस्ट पार्टीको अवस्थापनि आजको जस्तो नहुनपनि सक्थ्यो भन्ने थुप्रै आधार हरु छन् ।

## नेपाली सन्दर्भ

व्रिटिस साम्रराज्यको उपनिवेशमा रहेको भारतमा स्वतन्त्रताका निम्ति भारतिय जनताको संघर्षले नेपाली जनतामा राजनीतिक स्वतन्त्रताका निम्ति प्रेरणा प्रदान गरिराखेको थियो। अर्को तिर चिनिया भुमिमा संचालन जनवादी क्रान्तिलेपनि नेपाली युवामा राजनीति सचेतना सम्प्रेषण गरेको थियो । यही पृष्टभुमिमा वि.स २००६ सालमा नेपालमा पहिलो पटक नेपाल कम्युनिस्ट पार्टी स्थापना भयो । तर स्थापनाको केही बर्षमै कार्यनिति कस्तो अख्तियार गर्ने भन्ने विषयमा नेताहरुमा बेमेल हुदा नेपालको कम्युनिस्ट आन्दोलन एकिकृत हुन सकेन। परिणाम नेपालका कम्युनिस्ट पार्टीका नेता कोही चिन मुखी र कोही सोभियत मोडेल मुखी हुदा नेपालको कम्युनिस्ट आन्दोलन जडता र यान्त्रिकताको घेरामा रुमलिन वाध्य भयो । नेताहरुको आत्मकेन्द्रित सोच र संकिणताका कारण नेतापिछे पार्टीहरु स्थापना हुदा जुन कारण कम्युनिस्ट आन्दोलनले मौलिखरुप धारण गर्न सकेन । अन्ततः नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशन पछि आन्दोलन विघठनको दिशाामा बरालिन पुग्यो । यही पृष्टभुमिमा २०२८ सालतिरको झापा विद्रोह नेताहरुलाई संवादमा ल्याउने एक संयोग बन्यो। अन्तराष्ट्रिय नेताहरुको ब्यक्तित्व र ति नेताहरुले अंगिकार गरेको तत्कालिन क्रान्तिको कार्यक्रम नै नेपालका नेताहरुको वहस र अनुशरणको विषय बनिराखेको सर्न्दभमा तत्कालिन मालेका महासचिब मदन कुमार भण्डारीको ब्यक्तित्व र जनताको बहुदलिय जनवादले नेपालको कम्युनिस्ट आन्दोलनमा नविन बहसको प्रारम्भ गरायो । विश्व कम्युनिस्ट आन्दोलनमा बहसको विषय बनिराखेको सिर्जनात्मक लोकतान्त्रिक विचारको बहस नेपालको कम्युनिस्ट आन्दोलन भित्रपनि यदाकदा बहस,विर्मश भइरहेकै थियो। तत्कालिन माले र माक्सवादीको एकिकरण पछि तत्कालिन नेकपा एमालेका महासचिव मदन भण्डारीले कम्युनिस्ट घोषणा पत्र घोषण भएको सन् १८४८ यताको साम्यवादी आन्दोलनको समिक्षा गर्दै, माक्सवादो जगमा विकास भएका सोभियत संघमा लेलिनवाद र चीनमा माओवादको मौलिख विकासलाई विश्लेषण,संश्लेषण गरेका थिए । अर्थपुर्ण चिन्तन विगतको समिक्षा,नेपाली समाजको आम उत्पादन अवस्था,पद्धति र उत्पादन प्रणाली, राजनीति चिन्तनको वस्तुनिस्ट अध्यनपछि माक्सवादकै जगमा जबज को सिद्धान्त प्रतिपादन भएको थियो । जनताको बहुदलिय जनवादले नेपालका कम्युनिस्टमा रहेको जडतालाइ मात्र होइन समग्र आन्दोलनको पुर्न ब्यख्या गरेको थियो। तत्कालिन कार्यक्रमिक लक्ष्य सवै प्रकारको सामान्तवादी संरचनाहरुको चरित्रमा परिर्वत गर्ने र रणनीतिक लक्ष्य समाजवाद हुदै साम्यवाद पुग्ने जबजले उल्लेख गरेको छ । जबज कै आधारमा नेपालमा सामान्तवादको अन्त्य भएको छ । शाही सेना,शाही राष्टिय निकुञ्ज, जस्ता थुप्रै संरचनाहरु रुपमा मात्र होइन तिनिहरुको सारमापनि परिवर्तन भएको छ। त्यस्तै ६२/६३ सालको जन क्रान्ति,नेपालको संविधान २०७२ को निमार्ण र संविधानमा समाजवाद उल्लेख हुनु र यि उपलब्धि प्राप्त गर्न राजनीति पार्टीहरुले अख्तियार गरेको शान्तिपुर्ण मार्ग जवजकै विचारमा आधारीत हो । जबज प्रतिपाद भएको करीब तिन दशकको समिक्षा गर्ने हो भने नेपालको राजनीति विचार र सिद्धान्तका क्षेत्रमा निर्णायक भुमिका रहेको छ ।

## अवसर र चुनौति

नेपालको इतिहासमा झन्डै दुइतिहाइको प्रचण्ड बहुमत सहित नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सरकारमा छ । विशाल नेकपारुपी दिपदानीमा दुइतिहाइरुपी सरकारको दिप प्रज्ज्वलन भइरहेको छ । प्रज्ज्वलन भई रहेको सरकारको दिपलाई पुंजीवादी, साम्रज्यवादी, पश्चगामीहरुले सरकारको प्रज्ज्वलित दिप निभाउने प्रर्यत्नहरु गरेका छन्। अर्कोतर्फ विगतका दुइ पार्टी एकिकरणको आधार जनताको बहुदलिय जनवाद नै हो भन्ने विषय दिनको घामझै छर्लङ्ग हुँदाहुँदैपनि विचारको संक्रमण सिर्जना गरियो । जसले गर्दा विगतको माओवादी केन्द्र भित्र रहेको हिंसाप्रेमी धार र विगतको एमालेमा रहेको जबजको प्रतिपक्ष धारले खेल्ने ठाउँ पाएको छ । हुनत स्वयम यो सृष्टि अन्तर्विरोधमा छ,समाज अन्तर्विरोधमा छ, त्यसरी नै पार्टीपनि सधै अन्तर्विरोधको विचमा हुन्छ । तर यसको समाधान बैज्ञानिक विधि सहित उचित समयमा समाधान भएन भने जतिसुकै सम्भावना भएपनि चुनौतिमा बदलिन्छन् । जुन विचारले समाजका प्रश्नहरुको हल गर्न सक्दैन त्यो विचार कदापि समाजको मार्गदर्शन गर्न सक्दैन् । जुन विचारले समाजका समस्याहरुको हल गर्छ त्यो विचारलाई कसैलेपनि त्यो समाजको मार्गदर्शन सिद्धान्त हुनवाट रोक्न सक्दैनन्। नेपालको बामपंथि राजनीति इतिहासमा लोकतान्त्रिक कम्युनिस्ट विचार धाराले विजय प्रात्त गरेको छ भने शशस्त्र विद्रोहको धारको विर्सजन भएको छ त्यो धार लोकतान्त्रिक धारमा रुपान्त्रण हुदै समाहित भएको छ। विगत तिन दशक देखि लोकतान्त्रिक धारको नेतृत्व गर्दै आएको त्यो धार जनताको बहुदलिय जनवादको विचार नै हो। जुन धारले जनताको जनमतको बलमा नेपाली समाजका थुप्रै राजनीति प्रश्नहरुको हल गरेको छ। त्यसैले अहिले नेपालको कम्युनिस्ट आन्दोलनमा विचारको वहस भन्दापनि अर्थब्यवस्थाको वहस हुन जरुरी छ । तत्काल समस्या सिद्धान्तमा होइन बरु नेपालको परम्परागत अर्थब्यवस्था छ जसमा आमुल परिर्वतनको अनिर्वायता छ। नेपालको संविधानमा उल्लेखित समाजवादलाइ कार्यन्वयन गर्न विद्यमान दलाल नोकरसाही पुंजिलाई निरुत्साही गर्दै राष्ट्रिय पुंजीको विकास गर्दै नेपाली समाजलाई सहकारीकरण,सार्वजनिकिकरण र सामाजिक करणको संस्कृतिमा रुपान्तरण गर्दै कम्युनिस्ट समाजवादको स्थापना गर्ने अवसर र चुनौति नेकपाको काँधमा छ। चक्रपथबाट

क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधै ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल(वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

# राजमार्गमा म्याद सकियपछि रातारात पुलनिर्माण

मिसन न्यूज
कालिकोट

कर्णाली राजमार्गमा निर्माणधिन पुलहरु द्रुतगतिमा निर्माण कार्य भइरहेका छन् । म्याद सकिएको लामो समय भइसक्दा पनि समयमै पुलनिर्माण हुन नसक्दा कर्णाली प्रदेश सरकारका मुख्यमन्त्रीले माघ महिनासम्म निर्माण सम्पन्न गर्न ताकेता लगाएपछि राजमार्गका पुलहरुको निर्माण कार्य रातारात द्रुत गतिमा अगाडी बढेको हो । कर्णाली राजमार्गको सुर्खेतदेखि दैलेख, कालिकोट हँदै जुम्लासम्मका १५ वटा पक्की पुलहरु ठेकेदारको ढिलासुस्तीका कारण निर्माण सम्पन्न हुन नसकेका पुलहरु ताकेदा गर्दा निर्माण कार्य द्रुत गतिमा भइरहेका छन् ।

कर्णाली राजमार्गमा सबैभन्दा बढी १५ पुल निर्माणको जिम्मा रसुवा इलाइटरसूर्य जेभीले लिएको छ । उसले पहिलो प्याकेजअन्तर्गत लोहाखोला, रतिखोला, छेडाखोला, माटेखोला, लाम्चुडीखोला, पातलेखोला र छेडाखोलाको निर्माण जिम्मा लिएको छ । दोस्रो प्याकेजअन्तर्गत कुवाखोला, कालेखोला, पाल्तडाखोला, कानेघाटखोला, गुइयाघाटखोला र दहीखोला तथा तेस्रो प्याकेजअन्तर्गत नाग्म-सिँजाखोला र छेदनाखोला पुलको निर्माण जिम्मा लिएको छ । यीमध्ये ५ पुलको निर्माण अन्तिम चरणमा पुगेको कम्पनीका प्रतिनिधि दीपक खड्काले बताए । उनका अनुसार, डिजाइनमा देखिएको समस्याका कारण रतिखोला पुल तीनपटक र लोवाखोला पुल दुईपटक 'रि-डिजाइन' गर्नु परेको छ । विश्व बैंकको सहयोगमा बन्ने १५ पुलको लागत करिब ५८ करोड रुपैयाँ छ । तीनवटै प्याकेजका पुलको सम्झौता अवधि सकिइसकेको छ । अहिले तिन महिना भित्र पुल निर्माण सम्पन्न गर्ने बताए । म्याद सकिसकेको छ, तिन महिना थप गरेको छ ।



कर्णाली राजमार्गको दहिखोलामा निर्माणधिन पुल ।

**डिजाइन नै गलत हुँदा ७ वर्षदेखि जाक्सिखोला पुल अलपत्र**

ठेकेदारको लापरबाही र पुलको डिजाईननै गलत हुँदा ७ वर्षदेखि दैलेखको जाक्सिखोलाको पुल अहिलेसम्म पुल बन्न सकिरहेको छैन २०६८ मा सिरुवार र सुनकोसी रकविर जेभीले ठेक्का लिएको जाक्सीखोला पुल, पुलको निर्माण बीचमै छाडेर ठेकेदार सम्पर्कविहीन भएपछि डिभिजन सडक कार्यालयले पुनःटेन्डर आह्वानको तयारी गरेको छ । रसुवार इलाइटर सूर्य जेभीले जिम्मा लिएका पुलका साथै कर्णाली राजमार्गमा अन्य एक दर्जन पुल निर्माणाधीन छन । यी पुलको निर्माण २०६८ देखि सुरु भएको होरु । सुरुको चरणमा निर्माण जिम्मा लिएका करिब २० ठेकेदार कम्पनी त काम छाडेर हिँडेका डिभिजन सडक कार्यालय सुर्खेका इन्जिनियर देवेन्द्र भट्टराईले बताए । उनका अनुसार भट्टेखोला, कालेखोला, टाकुल्लाखोला, छिडेनाखोला, खल्लागाडखोला, बालीगढखोला र सिम्लाखोलाका पुल अधुरै छन् ।

धेरैजसो पुल निर्माणको जिम्मा एउटै कम्पनीले लिँदा पनि ढिलाइ भएको उनले बताए । सिरुवार र सुनकोसी कविर जेभीले २०६८ मा जिम्मा लिएको जाक्सीखोला पुल पनि अलपत्र रहेको उनको भनाइ छ । कर्णाली राजमार्गका पुलको डिजाइन ईआरएमसी कन्सल्टेन्सीले गरेको हो । कर्णालीका पुलको डिजाइन काठमाडौंमै बसेर गर्दा समस्या देखिएको प्राविधिकको भनाइ छ । कतिपय स्थानमा मुआब्जा विवादले निर्माण अघि बढ्न सकेको छैन ।

ठेकेदार प्रतिनिधि टोपबहादुर महतराले सरकारले पुल निर्माणको प्रक्रिया सुरु गर्नुअघि माटो परीक्षण, सामाजिक तथा भौगोलिक अवस्था राम्ररी बुझ्नुपर्नेमा त्यसो नभएको बताएरु। अहिले सबै पुलहरुको म्याद सकिएको छ । सकिएका पुलहरुको म्याद ६ महिना थप दिएका छौँ । बाँकी तिन महिना भित्रै निर्माण भइरहेका पुलहरु सम्पन्न गर्ने प्रतिबद्धता गरेका छन् ।अरु केही पुलहरु निर्माण कतै सुरु भएको छन् भने कतै अलपत्रै रहेका छन् ।

## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# महिला सेवा समाजमा बालकुमारी डाँगी

मिसन न्यूज

सुर्खेत

महिला सेवा समाज सुर्खेतको अध्यक्षमा बालकुमारी डाँगी निर्वाचित भएकी छिन् । वीरेन्द्रनगरमा भएको समाजको नवौ साधारण




सभाले डाँगीलाई अध्यक्षमा निर्विरोध निर्वाचित गरेको हो । समाजको सचिव पदमा पौडेल र कोषाध्यक्ष शोभा बस्नेतसहित ११ सदस्यीय नयाँ कार्य समिति चयन गरिएको समाजका निवर्तमान अध्यक्ष कल्पना कार्कीले बताएकी छिन् । महिला नेतृत्व बिकासकालागि स्थापना भएको महिला सेवा समाजको नवौ साधारण सभाको उद्घाटन लायन्स क्लवका डिस्ट्रिक मेम्बर टिकाराम लामिछानेको प्रमुख आतिथ्यतामा भएको थियो । उद्घाटन समारोहमा बोल्दै प्रमुख खतिथि लामिछानेले समाजको आमुल परिवर्तनका लागि महिला सक्षम भई नेतृत्वदायी भुमिकामा रहनु पर्नेमाजोड दिए । 'समाज बिकासको लागि महिलाको भुमिका महत्वपूर्ण छ' उनले भने, 'हरेक परिवर्तनमा महिला सहभागिताले देशको परिवर्तन सम्भव भएको हो ।' कार्यक्रममा समाजका सल्लाहकार सीताराम कार्कीले समाजकालाई सभ्यता प्रदान गर्न महिला नेतृत्व आवश्यक हुने बताए । समाजका सल्लाहकार कमल नेपाल, साधारण सभाका बिशेष अतिथि तेजकुमारी जिसीलगायतले महिलाको जागरणले बिकास र परिवर्तन सम्भव भएको बताए । समाजले किशोरी स्वास्थ्यका लागि अभियान थालेका सीता शर्मालाई सम्मान गरेको छ । निवर्तमान अध्यक्ष कल्पना कार्कीले आफ्नो कार्यकालमा असहाय तथा विपन्नहरुका लागि गरेको प्रयास र प्रगतीको बारेमा चर्चा गरेकी थिईन् ।

# स्थानीय तहमा अझै पुगेनन् कर्मचारी

मिसन न्यूज

कालिकोट

कर्मचारी अभावमा कालिकोटका स्थानीय तहका विषयगत शाखाबाट तोकिएको काम हुन सकेको



छैन । कर्मचारी नहुँदा विषयगत शाखाहरू नाम मात्रैका छन् । स्थानीय तह सञ्चालन भएको झण्डै तीन वर्ष पुग्न लाग्यो । तर स्थानीय तहले अझै कर्मचारी अभाव झेल्दै आएका छन् । भएका केही कर्मचारी पनि समायोजनपछि अन्यत्र गएकाले अधिकांश स्थानीय तह रित्तै छन् । सदरमुकामकै खाँडाचक्र नगरपालिकामा पनि विभिन्न विषयगत शाखामा कर्मचारी छैनन् । नगरप्रमुख जसीप्रसाद पाण्डेका अनुसार महिला कर्मचारी नभएकाले महिला विकास शाखामा पुरुष कर्मचारीले शाखा चलाएका छन् । नगरप्रमुख पाण्डेले भने, 'नगरका ११ वटै वडा सचिवविहीन छन्, विषयगत शाखामा पनि कर्मचारी छैनन् । कर्मचारी अभावकै कारण नगरले भएको बजेट पनि खर्चिन सकेको छैन् । कार्यालयमा आउने सेवाग्राही रित्तो हात फर्किनुपर्ने अवस्था छ ।' यस्तै नरहरिनाथ गाउँपालिका अध्यक्ष धिरबहादुर विष्टले पनि कर्मचारी अभावकै कारण लक्ष्यअनुरूप काम गर्न नसकेको बताए । शिक्षा, स्वास्थ्य, कृषि, पशु, महिला तथा बालबालिका शाखा कुनैमा पनि कर्मचारी नभएको अध्यक्ष विष्टले जनाए । महावै गाउँपालिकामा केही शाखामा काम चलाउन कर्मचारी भए पनि मुख्य शाखामा कर्मचारी नभएको गाउँपालिका अध्यक्ष नन्दबहादुर सिंहले बताए । जिल्लाका अधिकांश स्थानीय तहमा कर्मचारी नै छैनन् । एकैजना कर्मचारीले चार/पाँच वटा शाखा सम्हाल्नु परेकोले प्रभाविकारी सेवा प्रवाह हुन नसकेको जनप्रतिनिधि स्वीकार्छन् । पञ्जिकाधिकारी नहुँदा पञ्जिकरणको काम पनि नियमित हुन नसकेको सान्नीत्रिवेणी गाउँपालिका अध्यक्ष डम्बरबहादुर शाहीले बताए ।

# सरकारले छोरी बैंक बचत खाता शुभारम्भ गर्दै

मिसन न्यूज

सुर्खेत

कर्णाली प्रदेश सरकारले प्रदेशभित्र जन्मिएका छोरीको बचतसहितको बैंक खाता खोल्ने लोकप्रिय कार्यक्रमको शुरुआत गरेको छ । चालू आर्थिक वर्ष २०७६/७७ को बजेटमा प्रदेश सरकारले घोषणा गरेको 'बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको' कार्यक्रम प्रदेश सरकारले आज कालीकोट जिल्लाबाट शुभारम्भ गर्दैछ । कार्यक्रम शुभारम्भ गर्न मुख्यमन्त्री महेन्द्रबहादुर शाही गृह जिल्ला कालीकोट पुगेका छन् । खाँडाचक्र नगरपालिकाका दलित समुदायका दुई बालिकाको बैंक खाता खोल्ने कार्यक्रम छ । मुख्यमन्त्री कार्यालयका अनुसार




यही साउन २३ गते जन्मिएकी जानकी परियार र असोज ९ गते जन्मिएकी जमुना सुनारको बैंक खाता खोलिनेछ । कार्यक्रम प्रदेशका १० वटै जिल्लामा लागू गरिएको छ । मन्त्रिपरिषद्ले स्वीकृत गरेको कार्यविधिमा २०७६ साउन १ गते वा त्यसयता जन्मिएका छोरीलाई यस कार्यक्रममा आबद्ध गराइने उल्लेख छ । बालिकाका अभिभावक वा संरक्षकले जन्मदर्ता र अन्य कागजात संलग्न गरी आफू बसोबास गरिरहेको स्थानीय तहमा निवेदन दिन सक्ने छन् । आफ्नो बुबाआमा हुनेले बुबा आमाबाटै र नहुनेले आश्रित सङ्घसंस्था वा संरक्षकले छोरीको खाता खोलिदिनुपर्ने गरी कार्यविधि बनाइएको छ । यो सुविधा एक दम्पतीबाट जन्मिएका बढीमा दुई जना छोरीको हकमा मात्र उपलब्ध हुनेछ । संरक्षकको जिम्मामा रहेका छोरीको हकमा भने

**बाँकी ८ पेजमा.....**

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# न्यौपानेलाई अमिन नेशनल म्युजिक अवार्ड

मिसन न्यूज
सुर्खेत

कालिकोट जिल्लामा जन्मिएका कलाकार धर्मराज न्यौपानेले अमिन नेशनल म्युजिक अवार्ड २०१९ हात पारेको छन् । देउडा गित कालिकोटको कालो बोलको गितबाट गायक धर्मराज न्यौपाने शिशिरले अमिन नेशनल अवार्ड हात पारेका हुन् । यो गितको शब्द संगीत र स्वर धर्म राजले गरेका हुन् । ईतिहासमै नेपालको सबै भन्दा ठुलो नेशनल म्युजिक अवार्डले विभिन्न ६५ विधा गरि ३२५ जनालाई अवार्ड वितरण गरेको थियो । रास्ट्रिय नेपाल संगीत उधोग संघले आयोजना गरेको अमिन नेशनल अवार्ड २०१९ लाई नेपालि टेलिभिजनले प्रतक्ष प्रसारण समेत गरेको थियो ।

नेपाल भरबाट गित संगीतमा लागेका सर्जक गायन मोडल ,निर्देशक ,छायाँकार ,भाषा भाषीका गित संगीत निर्माण सबैलाई समेटेर नेशनल म्युजिक अवार्ड वितरण गरिएको थियो । नेपालमा विभिन्न खालका अवार्ड भईरहेको र ब्याक्ति वादी अवार्ड हुने विभिन्न बहानामा कलाकारलाई विदेशको भ्रमण मिलाईदिने भन्दै अलपत्र पर्दै गरेका घटना बाहिर आईरहेको बेला संगीत उधोग संघले कुशल श्रस्टा र प्रस्तोतालाई यो यो अवार्ड वितरण गर्न लागेको बताएको छ । अवार्डमा मह जोडी मदन कृष्ण श्रेष्ठ ,हरि वंश आचार्यलाई सम्मान स्वरुप लाईफ टाईम एचिभ्मेण्ट अवार्ड सहित नगद रु ५५,५०५ ले पुरस्कृत गरिएको थियो । भने राम कृष्ण ढकाललाई रजत स्वर अवार्डले सम्मान गरिएको छ ।



# खुर्सानीको स्वादको रोमाञ्च र पेट दुखाई



खुर्सानी र मसलादार खाना खाने मोहका कारण हामीले विभिन्न समस्याहरुको पनि सामना गर्नु पर्छ । यूनिभर्सिटी अफ पेन्सिलभेनियाका मनोविज्ञानको प्रोफेसर पल रोजिनले एउटा अध्ययन गर्ने सोच बनाए । प्रायः स्तनधारीहरुले खुर्सानी खाँदैनन भन्ने उनलाई लाग्यो । उनले मानिसहरुलाई एकदम पिरो खुर्सानी खान दिए । उनले मानिसहरु कहिलेसम्म यसलाई सहन सक्छन् भन्ने हेर्नका लागि यसो गरेका थिए । रोमाञ्च खोज्ने चाहना तथा खुर्सानीको केमिकलको स्वादको बढ्दो चाहनाबीच अडकिएको एउटा जटिल कहानी छ । समयसँगै खुर्सानीमा क्याप्सासिन नामक एउटा केमिकल उत्पन्न भयो । जुन त्यसको पिरोपनाको कारण हो । तर, अझ पनि यसमा बिबाद रोकिएको छैन । वैज्ञानिकहरुका अनुसार खुर्सानीको बोटमा त्यस्तो पिरो केमिकल जनावर अथवा किरा(फट्याङ्गाले खान नसकोस् भनेर पिरो बनेको हो । तर, चराहरुलाई खुर्सानी खान कुनै समस्या हुँदैन । मानिसलाई सबैभन्दा धेरै कुन खुर्सानी मीठो लाग्यो भनेर प्रश्न सोधिएको थियो । जसको जवाफमा सबैभन्दा धेरै पिरो भएको खुर्सानी नै मीठो लाग्यो भन्ने पाइयो । रोजिनका अनुसार मानिसमात्र एउट त्यस्तो प्रजाति हो । जसलाई नकारात्मक घटनाहरु पनि रोमाञ्चक लाग्छ । कहिलेकाहीँ हाम्रो शरीर खतरामा हुन्छ । तर, हाम्रो दिमागले सबै ठिक छ भन्छ । यसरी हामी डराउँदै हरर फिल्मको मज्जा लिन्छौं । त्यसैगरी हामीलाई पिरो खुर्सानी खान पनि मज्जा आउँछ । केही व्यक्तिहरुलाई अरुभन्दा धेरै खुर्सानी खान किन मनपर्छ ? किन पुरुष र महिलाहरुमा पिरो खाना खानेबानी भिन्दाभिन्दै हुन्छ भन्ने फुड साइन्टिस्ट नादिया बाइरेन्सले बुझ्ने कोसिस गरिन् र उनले मेक्सिकोमा खुर्सानी खानुलाई तागत, हिम्मत र पुरुषार्थसँग सम्बन्धी भएको पाइन् । पुरुषहरु आफूलाई धेरै पिरो खुर्सानी खान सक्छौं भन्ने देखाउन खोजेको उनले पाइन् र त्यस्तै महिलाहरु पनि पिरोपनालाई अनुभव गर्न चाहान्थे ।

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# सडकको खाल्टाखुल्टी पुर्न थाल्यो सरकार

मिसन न्यूज

काठमाडौं

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले निर्धारित समय सीमासहितको कार्ययोजना बनाएर उपत्यकाको सडकको अवस्था सुधार गर्न र जाम हटाउन सक्रियता देखाएको छ । सडकका खाल्टाखुल्टी र जामका कारण सर्वसाधारणले सास्ती पाएपछि प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनमा कार्यदल गठन गरी तत्काल सुधारको कार्ययोजनाअनुसार काम अघि बढाइएको हो । कार्ययोजनाअनुसार खाल्टाखुल्टी पुर्न थालिएको हो । यसैगरी, सवारी आवागमनलाई बाधा पार्ने किसिमले राजधानीका विभिन्न स्थानमा सञ्चालित कार्यदल गठन गरेको छ । कार्यदलका संयोजक रिजालले कार्यदलले विभिन्न चरणमा छलफल गर्दै फिल्ड निरीक्षणपश्चात् कार्ययोजना तयार गरिरहेको बताए । **यस्तो छ कार्ययोजना र समयसीमा**

-जेब्राक्रस र संकेत मर्मत थपका लागि- माघ मसान्तसम्म

-सडकका होडिङ बोर्ड र पोल हटाउने- कार्ययोजना लागू भएको ७ दिनभित्र

-सीसीटीभी जडान- कार्ययोजना लागू भएको ७ दिनभित्र

- स्कुल बस ९ बजेपछि सडकमा आउन नपाउने- १ पुसदेखि



१८ वटा पेट्रोल पम्पलाई पनि स्थानान्तरण गरिने भएको छ । प्रधानमन्त्री कार्यालयले सरोकारवाला निकायबीच समन्वय गराई सडकको अवस्था सुधार गर्न तथा सम्बन्धित निकायलाई जवाफदेही बनाउन यस्तो प्रयास थालिएको बताएको छ । प्रधानमन्त्री ओलीको निर्देशनपछि प्रधानमन्त्री कार्यालयले १२ मंसिरमा प्रधानमन्त्री कार्यालयका सहसचिव छवि रिजालको संयोजकत्वमा महानगरीय ट्राफिक महाशाखाका एसएसपी भीम ढकाल, सडक विभागका सहसचिव शिवहरि सापकोटा, सहरी विकास मन्त्रालयका सहसचिव रितेश शाक्य र यातायात व्यवस्था विभागका महानिर्देशक गगनबहादुर हमाल सम्मिलित

-मनोहरा कोरिडोर सञ्चालनमा ल्याउने- पुस मसान्तभित्र -बानेश्वरको अन्डरपास सहज बनाउने- ७ पुसभित्र-बालकुमारी पुलदेखि मनोहरा दोभान सडकको काम सक्ने- पुस मसान्तभित्र कोटेश्वरको सवारी चाप कम गर्ने- चैत मसान्तभित्र

'कार्ययोजना तयार हुने क्रममा छ । स्थलगत निरीक्षण गरिरहेका छौं । विभिन्न निकायबीच समन्वय गराई तत्काल सुधारका योजनाअनुसार खाल्टाखुल्टी पुर्ने काम भइरहेको छ,' रिजालले भने । धेरैजसो काममा काठमाडौं महानगरपालिका, सडक विभागलगायतका सडकसँग सम्बन्धित निकायको भूमिका बढी देखिएको उनले बताए ।

# मानवअधिकारको अवस्थामा ऐतिहासिक सुधार

एजेन्सी

ब्रसेल्स

चिनियाँ विदेशमन्त्री वाङ यीले चीनमा मानवअधिकारको अवस्थामा ऐतिहासिक रुपमा सुधार भएको बताए । सोमबार बेल्जियमको राजधानी ब्रसेल्समा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने- 'चीनमा मानव अधिकारको अवस्थामा व्यापक सुधार भएको छ, इन्टरनेटका प्रयोगकर्ता रहेको जानकारी दिए । त्यसैगरी करिब एक अर्ब चिनियाँ नागरिकले नयाँ मिडियाको प्रयोग गरिरहेको जानकारी दिए । उनले चीनको संविधानले प्रत्याभूत गरेको नागरिकको विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको उपभोग गरिरहेको धारणा पनि सो अवसरमा राखे । पिउ रिसर्च सेन्टरले हालैमात्र गरेको एक सर्वेक्षणमा चिनियाँ नागरिक सरकारका



यो ऐतिहासिक रुपमा सुधार हो ।' युरोपियन नीति केन्द्रद्वारा सोमबार ब्रसेल्समा आयोजना गरिएको एक कार्यक्रमलाई सम्बोधन गर्दै विदेशमन्त्री वाङ यीले मानवअधिकारको अवस्थामा गुणात्मक रुपमा नै सुधार आएको धारणा राखेका हुन् । आधुनिक चीनको स्थापनाको भएपछिको इतिहासलाई नै हेर्दा हाल आएर यहाँको मानवअधिकारको अवस्थामा ऐतिहासिक रुपमा सुधार आएको धारणा उनले राखेका थिए । उनले भनेका थिए, 'हामीले करिब ८५ करोड नागरिकलाई गरिबीको रेखाबाट बाहिर निकालेका छौं र मलाई लाग्छ यो गरिबी निवारणको विश्वकै तथ्याङ्कमा कम्तीमा पनि ७० प्रतिशत योगदान हो ।'

उनले चीनले आफ्ना करिब ७७ करोड नागरिकलाई रोजगारी दएको तथा २५ करोड ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति दिलाएको तथा अरु पनि सबै नागरिकलाई उनीहरुको आधारभूत आवश्यकताहरुको पूर्ति गरेको जानकारी पनि सो कार्यक्रममा दिए । उनले चीनमा अहिले करिब ८५ करोड नागरिक कामकारबाहीप्रति अधिकांश सन्तुष्ट रहेको बताएका जानकारी गराए । पिउ रिसर्च सेन्टरले गरेको एक सर्वेक्षणअनुसार करिब ८६ प्रतिशत चिनियाँ नागरिक सरकारका काम कारबाहीहरुप्रति सन्तुष्ट रहेको बताएका थिए । विश्वव्यापी रुपमा गरिने यस खालको मापनमा विश्वका बढीमा ४७ प्रतिशत मात्र नागरिक आफ्ना सरकारका काम कारबाहीप्रति सन्तुष्ट हुने गरेकोमा चिनियाँ नागरिकको यो सन्तुष्टिको तह भने धेरै माथि हो । यसैगरी प्राप्त अर्को एक समाचारअनुसार चिनियाँ विदेशमन्त्री वाङ यीले विश्वमा स्थायित्वका लागि युरोपेली युनियन र चीनले मिलेर काम गर्नुपर्ने बताएका छन् । बेल्जियमको राजधानी ब्रसेल्समा युरोपियन नीति केन्द्रद्वारा सोमबार आयोजना गरिएको एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने- 'खुल्ला विश्वमा स्थायित्वका लागि संयुक्त प्रयास गर्नु जरुरी छ ।' आर्थिक तथा अन्य क्षेत्रहरुमा पनि विश्वमा कैयौं अस्थिरताहरु देखिएकोले खुला विश्वको स्थायित्वका लागि संयुक्त प्रयास जरुरी छ ।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | प्रारम्भमा केही चुनौती देखापरे पनि आफन्तको साथ प्राप्त हुनेछ । ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउलान् । तापनि प्रयत्न गर्दा विगतका कमजोरी लाई सच्याउन सकिनेछ । अजीर्ण तथा पेटको कमजोरीले सताउन सक्छ । तापनि पढाइलेखाइमा सामान्य प्रगति हुनेछ । |
| वृष : | प्रारम्भमा विशेष अवसर प्राप्त भए पनि सहयोगीहरूको भरपर्दा पछि परिनेछ । काम बिग्रने डरले सताउनेछ । साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ । साइनो गाँस्नेहरूले दुःख दिन सक्छन् । जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला । |
| मिथुन : | समयमा आँट गर्न नसक्दा काममा केही चुनौती देखा पर्नेछन् । पठनपाठनमा त्यति ध्यान दिन नसकिएला । मंगलवार र बुधवार स्थिति अनुकूल बन्नुका साथै प्रयत्न गर्दा लक्ष्य पूरा हुनेछ । प्रतिद्वन्द्वीहरूलाई तह लगाउन सकिनेछ । व्यापारमा फाइदा हुनेछ। कामले अरूलाई आकर्षित गर्न सकिनेछ । |
| कर्कट : | प्रारम्भमा रमाइलो पारिवारिक जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ । तर स्वास्थ्य कमजोर रहनेछ भने परिस्थिति अलि असहज हुन सक्छ । फजुल खर्च बढ्नुका साथै वादविवादमा परिने सम्भावना छ । अवसर प्राप्त भए पनि आफ्नैले काम बिगार्न सक्छन् । |
| सिंह : | खर्चिलो काम गर्नुपर्ने देखिएकाले रकम जोहो गर्न सरसापट लिनुपर्ला । कमजोर नतिजा सच्याउन काम दोहोर्याउनुपर्ने देखिन्छ । मंगलवार र बुधवार भेटघाट र खानपानमा समय बित्नेछ । विभिन्न कामका अवसर पनि आउनेछन् । विशेष उपहारका साथै धनलाभ हुनेछ । |
| कन्या : | सुरुमा काम बन्नाले आम्दानी बढ्नेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ । खट्किएको आवश्यकता पूरा गर्न सकिनेछ । मंगलवारदेखि खर्च बढ्नाले आर्थिक अभावको अनुभूति हुनेछ । तापनि टाढाका साथीभाइसँगको सम्बन्धले लामो यात्रा गर्ने अवसर जुट्न सक्छ । |
| तुला : | सुरुमा हिम्मत गर्न नसक्दा काममा विलम्ब हुनेछ । आफ्नैले पनि धोका दिन सक्छन् । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । तापनि मंगलवार र बुधवार अँटेका काम बन्नाले मनग्गे फाइदा हुनेछ । व्यवसायमा राम्रै आम्दानी हुनाले भैपरी आउने समस्या टर्नेछन् । |
| वृश्चिक : | सुरुमा अरूका लागि जुट्नुपरे पनि आफ्नै भाग्योन्नति हुनेछ । अनुभव देखाएर उपलब्धि हातपार्ने समय छ । हिम्मत गर्दा प्रतिष्ठित जिम्मेवारी हातपार्न सफल भइनेछ । विशिष्ट व्यक्ति भेट्ने अवसर जुट्नेछ । लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ । |
| धनु : | प्रारम्भमा केही झमेला आउन सक्छन् । आफन्त टाढिनेछन् भने अस्वस्थताका बीच कामको बोझ बढ्नेछ । तापनि मिहिनेत गर्दा चुनौती पार लगाउन सकिनेछ । मंगलवारदेखि स्थितिमा सुधार आउनेछ भने सुखदुःखमा साथ दिनेहरू प्रशस्तै फेला पर्नेछन् । |
| मकर : | सुरुमा प्रियजनसँग भेटघाट हुनाले रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ । आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । मंगलवारदेखि खर्चको मात्रा बढ्नेछ । व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ । शुक्रवारसम्म परिस्थिति केही असहज रहन सक्छ । स्वास्थ्यमा पनि कमजोरी देखापर्नेछ । |
| कुम्भ : | प्रारम्भमा प्रतिस्पर्धीहरूले दुःख दिए पनि कर्मयोगले फाइदा दिलाउनेछ । खर्च लागे पनि मिहिनेतले विशेष अवसर हात पार्न सकिनेछ । चिताएको काम बन्नाले जोश-जाँगर बढ्नेछ । दिगो फाइदा हुने काम हातलागी हुनेछ । तर परिवारजनका आवश्यकता पूरा गर्न समय लाग्नेछ । |
| मीन : | सुरुमा अस्वस्थताका बीच कामको जिम्मेवारी बढ्न सक्छ । काममा बाधा र चुनौती देखिनेछन् । अरूको स्वार्थमा उपयोग भइनेछ, सजग रहनुहोला । मंगलवारदेखि स्थितिमा सुधार आउनुका साथै राजनीति र नोकरीमा प्रसिद्धि बढ्नेछ । व्यवसायबाट सोचेको लाभ मिल्नेछ । |

## २१ बस्ती छाउगोठ......................

गाउँपालिका वडा नम्बर ६ का स्थानीय आशिष रावत घोषणा पछि सस्थाहरु गाउँ मै नफर्किने समस्या रहेको बताउँछन्। उनी भन्छन्, 'एनजिओ आउछन्, घोषणा गर्छन् तर कहिल्यै फर्किदैनन्।' जिल्लामा यस्ता थुप्रै यस्ता बस्तीहरु छन्। ती बस्तीमा अहिले पनि छाउपढि मान्दै आएका छन्। यसमा स्थानीय तहले पनि ध्यानदिनु पर्ने आवश्यकता रहेको उनको भनाई छ।

## सरकारले छोरी बैंक बचत..................

सङ्ख्याको सीमा राखिएको छैन। कर्णाली सरकार का प्रमुख सचिव केवलप्रसाद भण्डारीले कर्णाली प्रदेशमा छोरीहरुमाथि हुने असमान व्यवहार हटाउने कार्यक्रम प्रभावकारी हुने बताए। 'सम्बन्धित स्थानीय तहले प्राप्त निवेदन र कागजातको जाँचबुझ गरी कर्णाली प्रदेशअन्तर्गत स्थानीय तहमा शाखा कार्यालय रहेको वाणिज्य बैंक वा स्थानीय तहले बैंकिङ कारोवार गरिर हेको बैंकमा सिफारिस गर्नुपर्छ', उनले भने, 'नियमअनुसार बैंकले खाता खोलेपछि स्थानीय तह र ग्राहक दुवैलाई जानकारी गराउनुपर्नेछ।' कार्यक्रमका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले चालू आवमा रु ७ करोड विनियोजन गरेको छ। छोरीमाथिको विभेद, बालविवाह अन्त्य हुने तथा छोरीको शिक्षादीक्षा मद्दत पुग्ने अपेक्षा सरकारको छ। छोरीको खातामा प्रदेश सरकार ले शुरुमै रु एक हजार बचत गर्नेछ। त्यसपछि हरेक महिना रु ५०० का दरले उक्त छोरीको २० वर्ष उमेरसम्म प्रदेश सरकार आफैँले रकम बचत गरिदिनेछ।


## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।

२. साझँ पख सधै ज्वरो आउनु।

३. खाना खान मन नलाग्नु।

४. तौल(वजन) घट्नु।

५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## 'भ्ष्टाचार विरुद्धको सहकार्यःसुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ।

सम्पर्क ठेगाना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको अनुरोध

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन र एव्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै www.missionenews.com डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्री उत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत